July 2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 25    www.eurasiareiyukai.com

पुर्खाहरुबाट पाएको महा प्रकृतीलाई अहिले बाँचिरहेका हामीहरुले दुषित बनायौं पहिलाको स्थितिमा पृथ्वीलाई फर्काउनुपर्छ ।

युसुन मासुनागा संस्थाक अध्यक्ष

## खुशीको खबर

**सन् २०१५ जुन १३ तारिखका दिन वाग्मती अंचल, काभ्रे जिल्लाको वनेपामा यूराशिया रेयूकाई २५ औं शाखाको मुख्य हल यूराशिया रेयूकाईका संस्थापक अध्यक्ष श्री युसुन मासुनागाज्यूको वरद वाहुलीबाट एक समारोहका बिच समुद्घाटन सम्पन्न भयो । उक्त समारोहमा हाम्रो मुमा हिरोको मासुनागाज्यूको पनि समुपस्थिती रहेको थियो साथै सम्पूर्ण मिहाता जिम्मेवार शिवुचो, स्पाउस सहित १७२ जनाको सहभागीता थियो ।**







Simile Of The Month



## उक्त समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले प्रदान गर्नु भएको मार्गनिर्देशन :



एईको मासुनागा फन्डबाट वनेपामा आंखा अस्पताल शुरु भई असल कर्मको सम्वन्ध भएका व्यक्तिहरुको प्रयासले रेयूकाई एईको मासुनागा आँखा अस्पताल यो काभ्र जिल्लाको वनेपामा निर्माण गर्नु भयो । अहिले आँखा अस्पतालको नयाँ भवन वनेर सर्नु भयो । अव देखी पनि आँखा अस्पताल लाई राम्रोसंग संचालन गर्नुहोला है । यो पहिलाको आँखा अस्पतालको भवन डेनेशन गर्नु भएकोले त्यो भवनलाई यूराशिया रेयूकाईबाट पुनर्निर्माण गरी २५ औं शाखा हल बनाउने कुरा भयो । त्यही स्थानमा आज २५औं शाखाको मुख्यहलको शुरुवात भएको छ । यो पनि कर्मको सम्वन्ध हो । हामीमा पुर्खाहरुबाट सरेर आएको कर्मको सम्वन्ध र आफु स्वमंले जन्मीदै लिएर आएको कर्मको सम्वन्ध छ । एउटै आमा बुबाबाट जन्मेको वच्चा भएपनि बानी व्यहोरा फरक फरक हुन्छ । किन त भन्दा हरेकले लिएर आएको कर्मको सम्बन्ध फरक फरक भएकोले हो । किन यो घरमा जन्म लिएको होला किन छिमेकीको धनी घरमा जन्म लिईन भनेर सोच्ने व्यक्ति पनि छन् होला । यो सवै कर्मको सम्वन्धले हो । यदी कर्मको सम्बन्ध नहुँदो हो त यो घरमा जन्म हुने नै थिएन ।

यो पृथ्वीलाई पुर्खाहरुबाट पाएकै अवस्थामा फर्काउने र सन्ततिलाई हस्तान्तरण गर्ने जिम्मेवारी कर्तव्य हामीमा छ । अहिले नेपालमा आएको महाभुकम्पले गरेको बिनाशलाई पुनर्निर्माण नगरीकन हुँदैन । यो जिम्मेवारी अहिले बाँचिरहेका हामीहरुले नलिईकन हुँदैन । यो देशलाई पहिलाकै अवस्थामा फर्काउने जिम्मेवारी यो देशका नागरिकहरुले नलिईकन हुँदैन । हामी सवैजना हातेमालो गरी यो देश पुनर्निर्माण गर्ने कार्यमा लागौं । असल कर्मका सम्वन्ध भएका यूराशिया रेयूकाईका सदस्यहरु संगैसंगै लागेर पुनर्निर्माण गर्नु पर्छ ।

आत्माविश्वास लिएर अरुलाई पनि लिन लगाउने बोधिसत्व हो । अरुको खराब कुरा गर्नु भन्दा प्रसंशीत गर्ने । अविभावकको कमजोरी बच्चालाई थाहा हुन्छ । किनकि त्यो हेरेर बच्चा हुर्किरहेको हुन्छ तर अविभावकको डरले भन्न सक्दैन । अविभावक पनि बच्चालाई हुर्काउँदा हुर्काउँदै परिपक्क हुन्छ । त्यसैले बच्चा प्रति कृतज्ञ हुनु पर्छ । बच्चाले पनि अविभावकको कृपाले म हुर्किरहेको छु भनी कृतज्ञताको भावना राख्नु पर्छ अविभावक प्रति गुण फर्काउनु पर्छ । त्यसैगरी माफी युक्त हुन गयो भन्ने हुनुपर्छ ।

जीवन जीउने तरीका कहाँनिर गलत भई रहेको छ त्यो थाहा पाउन आवश्यक छ । म त अभागी छु भन्ने पनि छन् होला । तर त्यस्तो नभई आफ्नो भाग्य आफ्नै असल कार्यद्वारा परिवर्तन गर्ने हो । हिलोबाट वाहिर निस्केर जसरी कमलको फुल फुल्छ ।


## यूराशिया रेयूकाई प्राकृतिक वातावरण संरक्षण प्रकोप प्रतिरोध समिति

यूराशिया रेयूकाईबाट प्राकृतिक वाताबरण लाई संरक्षण गर्ने मौका पाउने र प्राकृतिक प्रकोपलाई न्यून गर्ने र परेको बेला सहयोगी कृयाकलापहरु गर्दे जानको लागी यूराशिया रेयूकाईमा "यूराशिया रेयूकाई प्राकृतिक वातावरण प्रकोप प्रतिरोध समिति" गठन गर्ने मौका पाएका छौं ।



## विश्व रक्तदाता दिवसको अवसरमा यूराशिया रेयूकाई प्रसंशीत





"Thank You for Saving my Life"
World Blood Donor Day
14th June, 2015

Give freely, Give often, Blood donation matters !

प्रशंसा-पत्र

श्री युरेसिया रेयुकाई

रक्तदान मार्फत जीवनदान पाएका व्यक्तिहरुको भावना "मेरो जीवन बचाई दिनु भएकोमा धन्यवाद" लाई प्रतिबिम्बित गर्दै नेपालको रक्त सञ्चार सेवा अन्तर्गत स्वेच्छिक रक्तदान कार्यमा अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दै "विश्व रक्तदाता दिवस २०१५" को सु-अवसरमा यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

# बच्चा (म्योइचिकाई) को रुपमा अभ्यास गर्ने मौका पाएको खुशीको अनुभव

सबैलाई नमस्कार ।



मेरो नाम पुष्कर बिक्रम शाही हो । म धनगढी स्थित ऐश्वर्य विद्या निकेतनमा कक्षा नौ मा अध्ययनरत एक छात्र हुँ । मलाई यस यूराशिया रेयूकाई शिक्षासँग जोड्ने व्यक्ति मेरो आफ्नै पूज्यनीय पिता श्री नर बहादुर शाहीज्यू हुनुहुन्छ । क्षेत्र धनगढी, मिहाता शाखा १३औं शाखा उमेर १३ वर्ष मेरो यस शिक्षामा प्रबेश सानै उमेरमा नै भईसकेको थियो । मेरो आमा बुवा दुवै यस संस्थामा लागेको हुनाले मैले यस शिक्षा बारे सानै उमेर देखिनै ज्ञान पाउने मौका प्राप्त गरे । म सानो हुदा बुवाले बिहान उठेर प्रार्थना गरिरहेको बेला म पनि उठेर बुवाको पछाडी गई प्रार्थना गर्थे । म सानो छदा मलाई मेरो आमाले काखिमा बोकेर विभिन्न समारोहमा लिनु हुन्थ्यो । पछि म केही बुझ्ने हूदा म आफु स्वयं बिहान छिटो उठेर बुवा भन्दा पहिले जानी नजानी गोहोजामा प्रार्थना गर्थे, त्यसो गर्दा के के बिग्रन्थ्यो र गाली पनि खान्थें ।

मलाई मेरो बुवाले धनगढी तथा अरु क्षेत्रमा हुने भेला तथा समारोहमा सहभागी हुने मौका प्रदान गर्नु हुन्थ्यो । यस्तो मौका प्रति अहिले मात्र म आफ्नो आमा बुवा दुबैलाई कृतज्ञता व्यक्त गर्नु पर्ने कुरा महशुस गर्दछु । मैले विभिन्न समारोहमा भव्य भेलामा भाग लिने मौका पाई धेरै मार्गनिर्देशनहरु पाउदै आईरहेकोछु एकदमै खुशी लागीरहेको छ ।

म केही बुझ्ने नभैकन नै दुई पटक स्थिरमति पहाडमा जाने मौका पाएको थिए । त्यहा गएर खेल्न पाउदा म निकै खुशी हुन्थें । धेरै कुरा त बुझ्दिन थिए र पनि त्यहा संस्थापक अध्यक्षज्यूले प्रदान गरी बक्सेको मार्गनिर्देशनमा सबैकुरा कर्मको सम्बन्धले हुन्छ भन्ने कुराले कसरी होला भने जस्तो लाग्थ्यो । बिस्तारै बुझ्न थालेर होला साच्चै यस्तो राम्रो ठाउंमा खेल्न पाउनु मेरो कर्मको सम्बन्ध नै होला, नत्र मेरो साथीहरु पनि आउन पाउथे होला । मलाई घरमा साथिहरुसंग खेल्न मन लागीरहेको बेलामा पनि गोहाजामा सरसफाई गर्नु पर्दा रिस पनि उठ्थ्यो । तर त्यसरी नगरेको भए मेरा साथीहरु जस्तै म पनि यहां आउन कहां पाउंथे र ? यसरी अध्यक्षज्यूको मार्गनिर्देशन र बुबा आमाको संसर्गले बिस्तारै बुझ्न थालेको महशुस गर्न थाले । साच्चिकै म पनि राम्रो कर्मको सम्बन्धले नै यस शिक्षाको अभ्यास गरि रहेको शिबुचो नर बहादुर शाही शिबुको परीवारमा जन्म लिन पुगेको हुं र आज कर्मको सम्बन्धले गर्दा नै म हजुरहरु सामु बोल्ने मौका पाउदैछु । कर्मको सम्बन्धकै कारणले स्थिरमति पहाडमा अभ्यास गर्ने मौका पाउदा हिमालको काखबाट उदाएको सुर्योदय हेर्ने मौका पाएर एकदमै खुशी भए ।

यसै गरी धनगढी क्षेत्रमा म्योइचिकाई लिडर्सको रुपमा अभ्यास गर्ने मौका पाईरहेको छु, धेरै बच्चा साथीहरुलाई त्यस क्षेत्रमा ९ र १८ तारिख भेलामा सहभागी गराउने मौका पाई रहेकोछु । साथिहरु खुशी खुशी भेलाबाट फर्कि भेट भएको बेला अर्को भेला कहिले हुन्छ भनि सोधि रहन्छन् म आफुले अग्रज बाट सिकेको कुरा साथिहरु लाई सिकाउने मौका पाई रहेकोछु । नमस्कार, धन्यवाद र माफी माग्ने कुरा लागु गरेर साथीहरु र स्कुलमा सरहरुले पनि खुब माया गर्नुहुन्छ । साथीहरु रीसाए पनि म मुस्काएर साथीहरुको झन नजिक हुन्छु । यसैले रेयूकाई शिक्षाको अभ्यास गरेर सबैले मन पराउने राम्रो व्यक्ति बन्ने प्रतिज्ञा गर्दछु ।

नमस्कार ! धन्यबाद !

## ललितपुरको गैरीगाँउमा पुनर्निर्माण कार्य






## भक्तपुर एवं काठमाण्डौमा पुनर्निर्माण कार्य








अगरबत्ती बनाउने तालिम, ताप्लेजुङ्ग




राहत संकलन, नेपालगञ्ज







वातावरण चेतना कार्यक्रम, सिलिगुडी, भारत



वृक्षारोपण, सिलिगुडी



बिरुवा वितरण, नेपाल

**"म यूराशिया रेयूकाईको दिव्यज्योतीमय सदस्य हुँ"**